त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा
बल्खु

## चार वर्षे स्नातक तह Bachelors in Information Technology (BIT) विषयमा २०७९ सालको प्रवेश परीक्षाको आवेदन फारम भर्ने योग्यता सम्बन्धी अत्यन्त जरुरी सूचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय बल्खुबाट २०७९ सालमा संचालन गरिने ग्रेडिङ्ग सिष्टम बमोजिम पठन पाठन हुने चार वर्षे स्नातक तह Bachelors in Information Technology (BIT) विषयमा भर्ना हुन इच्छुक विद्यार्थीहरुको निमित्त २०७९ सालको भर्ना कार्यक्रम अन्तर्गत आवेदनको लागि तोकिएको न्यूनतम योग्यता सम्बन्धमा निम्नानुसार संशोधन भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### आवेदनको लागि न्यूनतम योग्यता :

(क) त्रि.वि.वा यसवाट मान्यता प्राप्त संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरहको परीक्षामा जुनसुकै संकायबाट अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने ।

(ख) माध्यमिक विद्यालयको जुनसुकै धारबाट कक्षा ११ वा १२ मा अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई उक्त विषयहरुमा कम्तिमा C Grade ल्याई ११ र १२ कक्षाको अन्तिम ग्रेड CGPA 2.00 वा कक्षा १२ मा अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई उक्त विषयहरुमा कम्तिमा C Grade ल्याई अन्तिम Grade CGPA 2.00 प्राप्त गरेको हुनु पर्ने ।

वा

उच्च माध्यमिक शिक्षा परिषदको बोर्डद्वारा मिति २०७९।०५।१७ गते प्रकाशित कक्षा १२ को नतिजामा लेटर ग्रेडिङ्ग निर्देशिका २०७८ मा भएको व्यवस्था बमोजिम ग्रेडमा Grade Point (GPA 1.6) लाई D Grade कायम गरिएकोले मान्यता प्राप्त शिक्षण संस्थावाट उच्च माध्यमिक वा माध्यमिक विद्यालयको जुनसुकै धारबाट कक्षा ११ वा १२ मा अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई कक्षा ११ र १२ वा सो सरहको परीक्षामा अंग्रेजी र गणित विषयमा कम्तिमा C Grade र अन्य विषयहरु उत्तीर्ण भई कम्तिमा Grade Point (GPA 1.6) प्राप्त गरी उत्तीर्ण गरेको र Final CGPA न्यूनतम 1.8 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्ने ।

(ग) A Level को परीक्षामा (अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्क लिई) न्युनतम D Grade (With or Without Small Letter) ल्याई उत्तीर्ण गरेको हुनुपर्ने ।

(घ) CTEVT बाट Three Years Diploma उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा (अंग्रेजी र गणित विषय १००/१०० पूर्णाङ्कको लिई) कम्तिमा दोश्रो श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्ने ।

(ङ) त्रि.वि., वा त्रि.वि.बाट मान्यता प्राप्त शिक्षण संस्था वा माध्यामिक विद्यालयको जुनसुकै धारबाट कक्षा ११ र १२ वा सो सरहको परीक्षामा बढीमा दुई विषयमा अनुत्तिर्ण (NG) भई ग्रेड सुधारका लागि परीक्षा आवेदन फारम भरेका परीक्षार्थीहरुले २०७९ सालको BIT प्रवेश परीक्षाको आवेदन फारम भर्न पाउँनेछन् । साथै प्रवेश परीक्षाको नतिजा पश्चात प्रवेश परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरुले भर्ना हुने समयमा तोकिएको न्यूनतम योग्यता प्राप्त गरेको कागजात अनिवार्य पेश गर्नु पर्नेछ ।

अन्य कुराहरु पूर्व प्रकाशित सूचना अनुसार नै हुनेछ ।

सहायक डीन

मिति:२०७९।०६।०७